SAFERWORLD
PREVENTING VIOLENT CONFLICT. BUILDING SAFER LIVES

COCAP NEPAL MONITOR NepalMonitor.org human rights . security . nepal

# ११ औं त्रैमासिक प्रतिवेदन
# अक्टुवर देखी डिसेम्वर, २०१७

## पृष्ठभूमि

यस ११ औं त्रैमासिक प्रतिवेदनले बिगतमा झैं देशमा नागरिकको अधिकारको अवस्था कस्तो छ, सामाजिक तथा राजनैतिक द्वन्द्वका सम्भावना छन् कि छैनन्, र तिनलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने जानकारी सहित पूर्व तयारी गर्न मद्दत गर्छ ।

यस प्रतिवेदनमा २०१७ को अक्टुवरदेखि डिसेम्वर महिनासम्मका जानकारी समेटिएका छन् । सुशासन, सामाजिक एकता/तनाव, राजनीतिक तनाव/परिचालन, स्रोत-साधनमाथिको द्वन्द्व, सङ्क्रमणकालीन न्याय/न्यायमा पहुँच र भूकम्प लगायतका विपद्पछिको राहत/सहयोग वितरण सम्बन्धी चूनौती/द्वन्द्व शीर्षकमा सूचना संकलन गरिएको थियो । यहाँ यी विभिन्न शिर्षकमा प्राप्त जानकारीबारे विश्लेषण तथा चर्चा गरिएको छ ।

## सारांश

- *विगतका प्रतिवेदनहरुमा उल्लेख भएझैं यस त्रैमासिक अवधिमा पनि विभिन्न क्षेत्रमा भ्रष्टाचारका घटनाहरु भएको देखिएको छ । सातवटै प्रदेशबाट प्राप्त प्रतिवेदनका आधारमा यस अवधिमा बढी मात्रामा स्वास्थ्य क्षेत्रमा सुशासनको अभाव, अपारदर्शिता, अस्पतालमा दक्ष चिकित्सक र औषधीको अभाव, बिरामी जाँच गर्ने सामान, यन्त्र, उपकरणको अभाव, ल्याबहरुमा बिरामीको रगत जाँचमा समेत लापरवाही जस्ता बेथितीका कारण बिरामीमाथिको हेलचेक्र्याइ बढ्दो रुपमा रहेको पाईएको छ । यसले गर्दा नागरिकको स्वास्थ्यको अधिकार हनन् ब्यापक रुपमा भएको देखिन्छ ।*
- *लागू औषध ओसारपसार तथा सेवन एक प्रमुख समस्याको रुपमा रहेको पाईएको छ । दिनहुँ जसो प्रहरीले यस्ता घटनामा संलग्नलाई पक्राउ गर्ने गरेता पनि यसमा संलग्न व्यक्ति तथा प्रयोगकर्तामा सुधार आएको नदेखिएकोले यसको दीर्घकालीन समाधान खोज्नु जरुरी छ ।*
- *प्रदेश नम्वर ७ का जिल्ला अन्तर्गत कतिपय स्वास्थ्य संस्थाहरुमा गर्भवती महिलाले खाने आईरन चक्कीको चरम अभाव देखिन थालेको छ । गर्भवती भएको तीन महिनादेखि आईरन चक्की खानुपर्ने भएता पनि स्वास्थ्य कार्यालय र अस्पतालहरुमा चक्कीको अभावका कारण गर्भवती महिलाहरुका गर्भमा प्रतिकुल असर पर्न थालेको छ ।*
- *यस त्रैमासिक अवधिमा सडक निर्माण कार्यमा भएको ढिलासुस्तीका कारण सडक आवागमनमा सर्वसाधारणले निकै सास्ती खेप्नुपर्ने अवस्था देखिएको छ । त्यसैगरि अन्तराष्ट्रिय विमानस्थल निर्माणका क्रममा अधिग्रहण गरिएका जग्गाको मुआव्जा उपलब्ध नभएका कारण स्थानीय स्तरमा केही तनावका स्वरुपहरु समेत देखा पर्न थालेको पाईएको छ ।*
- *हरेक स्थानीय तहमा कम्तिमा एउटा बैंक स्थापना हुने नीति सार्वजनिक भएता पनि कतिपय स्थानीय निकायमा अझै पनि बैंक नभएका कारण स्थानीय समुदायले बैङ्गिं कारोबारमा समस्याको सामना गर्नु परिरहेको छ ।*
- *बिगत प्रतिवेदनमा झैं यस त्रैमासिक अवधिमा सातवटै प्रदेशहरुमा सामाजिक हिंसा र तनावका मुद्दाहरु विद्यमान रहेको पाईएको छ । महिलामाथिको हिंसा अन्तर्गत बलात्कार, बलात्कारका प्रयास, यौनजन्य दुर्व्यवहार, बहुविवाह, बोक्सीको आरोपमा अमानवीय कार्य, घरेलु हिंसा र तनावका घटनाहरु बढदो रुपमा रह्यो । यसले महिला र बालिकामाथिको बढदो असुरक्षालाई समेत उजागर गरेको छ ।*
- *प्रदेश नम्वर ५ मा यस अवधिमा महिला र बालिकाहरुसंग बलात्कार, बलात्कारका प्रयास, यौनजन्य दुर्व्यवहार र घरेलु हिंसाका घटनाहरु नै प्रमुख रुपमा रहेको पाईएको छ ।*
- *यस त्रैमासिक अवधिमा लिङ्ग पहिचान गरि भ्रुण हत्या गर्ने प्रबृत्ति बढेको भन्दै स्थानीय तहमा चिन्ता र चासोको बिषय भएपछि यसको रोकथामका लागि सरोकारवालाहरुले नै बालिका बचाउ अभियान शुरु गरेको पाईयो ।*

- *यस अवधिमा प्रदेश नं. ५ मा दुई धार्मिक समुदायबीचको विवाद बढेसंगै झडपमा परिणत हुँदा दर्जनौ व्यक्तिहरु घाईते भएको  स्थितीलाई नियन्त्रण गर्ने क्रममा प्रहरीले दर्जनौ राउण्ड हवाई फायर र अश्रुग्याँस समेत प्रहार गर्नुपरेको थियो । यसले आगामी दिनमा पनि यस किसिमका घटनाहरु पुनरावृत्ति हुने हो कि भनि स्थानीय समुदायमा भयत्रासको वातावरण सृजना भएको पाईयो ।*
- *जातिय विभेद तथा छुवाछुत र बालअधिकार हननका घटनाहरु यस त्रैमासिक अवधिमा पनि निरन्तर भई रहेको पाईयो ।*
- *यस अवधिमा संचार क्षेत्र पनि धम्की र आक्रमणको निशानामा परेको पाईएको छ । तस्वीर खिचेको र समाचार लेखेकै कारण संचारकर्मी माथि आक्रमण गरिएको घटनाले स्वतन्त्रापूर्वक लेख्ने र विचार अभिव्यक्तिको अधिकारमाथि नै चूनौती बढेको छ । यसले गर्दा स्वतन्त्र र निष्पक्ष समाचार प्रवाहगर्दा संचारकर्मीहरु नै असुरक्षित भईरहेको अवस्थालाई चित्रण गर्दछ ।*
- *यस अवधिमा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यका लागि मंसीर १० र २१ गते दुई चरणमा तय गरिएको निर्वाचन सम्पन्न भएको छ । उच्च हिमाली र उच्च पहाडी गरि ३२ जिल्लाहरुमा पहिलो चरणमा र पहाडी तथा तराई मधेशका ४५ जिल्लाहरुमा दोश्रो चरणमा निर्वाचन सम्पन्न भयो । प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा पनि राजनीतिक दलहरुबाट आचारसंहिता उल्लङ्घन भएको पाईयो । भोज भतेर गर्ने र भोट माग्ने, पैसाको चलखेल लगायतका गतिविधीका कारण स्थानीय दलका कार्यकर्ता बीच केही ठाउँमा झडप समेत भएको पाईएको थियो ।*
- *यस अवधिमा नेत्रबिक्रम चन्द नेतृत्वको नेकपा माओवादीका कार्यकर्ताहरुबाट विभिन्न ठाउँमा प्रचार प्रसारमा अवरोध गर्नुका साथै राजनीतिक दलका उम्मेदवारहरुमाथि आक्रमण, बिष्फोट र सम्पत्ति कब्जाका घटनाहरु समेत भएको पाईयो । तराईमा शसस्त्र गतिविधी संचालन गरिरहेको जयकृष्ण गोईत गोईत नेतृत्वको अखिल तराई मुक्ति मोर्चाले केही ठाउँमा भएका बिष्फोटका घटनाको जिम्मेवारी लिएको पाईयो ।*
- *स्थानीय तह निर्वाचन लगायत प्रतिनिधी सभा र प्रदेश सभा सदस्य पदका लागि भएको निर्वाचन बहिष्कार गर्दै आएको नेकपा माओवादीले दलका उम्मेदवारहरुलाई नै आक्रमणको निशाना बनाउन थालेपछि सुरक्षा निकायले नेकपा माओवादीका कार्यकर्ताहरुको गिरफ्दारीलाई तिव्रता दिएको पाईयो ।*
- *वर्तमान राज्य पुर्नसंरचनाको खाका अनुसार गाउँपालिकास्तरसम्म प्रशासनिक ईकाईहरु पुग्नुपर्नेमा केही गाउँपालिकाहरुमा अझै केन्द्र तोक्ने विषयमा नै विवाद रहेको देखियो । स्थायी रुपमा केन्द्रहरु कायम गरि भौतिक संरचनाको निर्माण र प्रशासनिक ईकाई लगायतका व्यवस्थापन पक्ष कहिले र कसरी हुने भन्नेमा चूनौतीपूर्ण देखियो । केही प्रदेशमा राजधानी कायम गर्ने विषयमै आन्दोलन समेत गरेको पाईयो ।*
- *संक्रमणकालीन न्याय अन्तर्गतको सवालमा विगतमा झै यस अवधिमा केही उदाहरणीय चर्चा भएको पाईयो । द्वन्द्वकालीन समयमा मुद्दाहरुलाई सम्बोधन गर्न भनि स्थापना गरिएको सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यविधीका सन्दर्भमा पीडितहरुका लागि एकै किसिमको मापदण्डमा राखेर हेर्न नहुने जनाउँदै इलामका द्वन्द्व पीडितहरुले राज्यको ध्यानाकर्षण गराएको पाईयो ।*
- *माओवादी द्वन्द्वकालको समयमा हत्या गरिएका उज्जन श्रेष्ठ हत्याको अभियोगमा सर्वस्वसहित जन्मकैद सजाय तोकिएका बालकृष्ण ढुङ्गेलको गिरफ्तारी प्रति मिश्रित प्रतिक्रिया रहेता पनि पीडित परिवारले भने न्यायको अनुभूति भएको जनाएको पाईयो ।*
- *राजनीतिक दलहरुबाट अपाङ्गता भएका व्यक्तिहरुलाई बन्द सूचीमा नराखेको सम्बन्धमा परेको रिटमा बन्द सूचीमा राख्न लगाउन सर्वोच्च अदालतले दिएको आदेशले अपाङ्गता भएका व्यक्तिहरुको पनि राजनीतिक प्रतिनिधित्व सुनिश्चित भएको देखिन्छ ।*
- *यस त्रैमासिक अवधिमा प्राकृतिक प्रकोपमा परेका सर्वसाधारणलाई सहयोग उपलब्ध गर्ने कार्यमा सम्बन्धित निकायको ढिला सुस्ती अहिलेसम्म यथावत रहेको र राहत वितरणमा पनि राजनीतिक प्रभाव परेको देखियो । राजनीतिक आस्थाका आधारमा राहत वितरण गरिएको जनाउँदै जिल्ला निर्वाचन कार्यालयमा उजुरी समेत परेको पाईयो ।*
- *भूकम्पबाट प्रभावितहरुले तीन वर्ष बित्न लाग्दा समेत घर पुर्ननिर्माणको लागि पाउने अनुदान रकम अझै सहज रुपमा पाउन नसकेको पाईयो । भूकम्प प्रभावितहरुले सहुलियतमा टयाक्सी खरीद गर्ने भनिएता पनि अधिकांश टयाक्सीहरु बिचौलियाको हातमा परेको पाईयो ।*
- *यस अवधिमा तराई तथा मधेशका अधिकांश जिल्लाहरुमा अत्यधिक चिसो र शीतलहरको कारणले जनजीवन कष्टकर रहेको पाईयो ।*

## १ सुशासन

**विगतका प्रतिवेदनहरुमा उल्लेख भएझै यस त्रैमासिक अवधिमा पनि विभिन्न क्षेत्रमा भ्रष्टाचारका घटनाहरु भएको देखिएको छ । सातवटै प्रदेशबाट प्राप्त प्रतिवेदनका आधारमा यस अवधिमा बढी मात्रामा स्वास्थ्य क्षेत्रमा शुसासनको अभाव, अपारदर्शिता, अस्पतालमा दक्ष चिकित्सक र औषधीको अभाव, बिरामी जाँच गर्ने सामान, यन्त्र, उपकरणको अभाव, ल्याबहरुमा बिरामीको रगत परिक्षणमा समेत लापरवाही जस्ता बेथितीका कारण बिरामी माथिको हेलचेक्र्याई बढदो रुपमा रहेको पाईएको छ । यसले गर्दा नागरिकको स्वास्थ्यको अधिकार हनन् व्यापक रुपमा भएको देखिन्छ ।**

प्रदेश नं. १ मा अधिकांश जिल्लाहरु पहाडी क्षेत्रमा परेको र ती क्षेत्रमा भएका अस्पतालहरुमा दक्ष चिकित्सकको दरबन्दी भएता पनि दरबन्दी अनुसारको चिकित्सक अस्पतालमा नहुँदा बिरामीहरुको उपचारमा निकै समस्या उत्पन्न भएको छ । पहाडी क्षेत्रका प्राय जिल्लामा नीजिस्तरबाट संचालित अस्पताल नभएको र एकमात्र सरकारी अस्पतालमा चिकित्सकहरु नहुँदा स्थानीय विरामीले त्यस किसिमको समस्या व्यहोर्नु परेको हो । उदाहरणका रुपमा उदयपुर जिल्लाको रौतामाई गाउँपालिका-६ मा पुस ११ गते दिउँसो सवारी दुर्घटनामा परी घाइते भएका तीन जना बिरामीलाई उपचार गर्न अस्पताल लग्दा एक जना पनि चिकित्सक नभएपछि घाईतेको उपचारमा समस्या भयो । बिरामीको उपचारमा कुनै चिकित्सक नआएपछि जिल्ला प्रहरी कार्यालयबाट अस्पतालमा सुरक्षार्थ खटिएका प्रहरी हवल्दार अहेव सुरेन्द्र लम्सालले घाईते बिरामीको प्राथमिक उपचार गरे र त्यसपछि घाईतेहरुलाई सो ठाउँबाट सुबिधायुक्त अस्पताल पठाईयो । प्रमुख जिल्ला अधिकारी प्रदिपराज कँडेलले अस्पतालका चिकित्सकहरुको सोधिखोजी गरेतापनि तत्काल कुनै पनि चिकित्सक अस्पतालमा उपस्थित भएनन् । लगत्तै प्रजिअ कडेलले अस्पतालका निमित्त मेडिकल सुपरीटेण्डेण्ट डा. विशालकुमार देव, जनस्वास्थ्य प्रमुख सागर प्रसाई, अस्पताल व्यवस्थापन समितिका अध्यक्ष राकेश खत्री, प्रशासन प्रमुख बिर्ख खत्रीसँग टेलिफोनमार्फत जानकारी लिएका थिए । त्यसपछि पनि अस्पतालमा कुनै किसिमको कार्वाही र सुधार हुन नसकेको स्थानीयको गुनासो छ । उदयपुर जिल्ला अस्पतालमा १७ जना डाक्टरको दरबन्दी रहेकोमा हाल चार जना मात्र कार्यरत छन् ।

नौ जना विशेषज्ञ चिकित्सक सहित १६ जना चिकित्सकको दरबन्दी रहेको जिल्ला अस्पताल इलाममा एक जनामात्र विषेशज्ञ डाक्टरले काम गर्दै आएका छन् । प्रसुती सेवा, गर्भपतन सेवा, भिडियो एक्सरे सेवा, ओपिडीमा बिरामी जाँच्नेलगायतका काम र अस्पतालमा भर्ना भएर बसेका विरामीको पटक पटक जाँच गर्नुपर्दा समय मिलाउन निकै समस्या हुने गरेको स्वास्थ्यकर्मीहरुको गुनासो छ ।
मोरङमा सञ्चालित ठूला निजी अस्पतालहरुमा सहज र सुलभ रुपमा स्वास्थ्य सेवा उपलब्ध गराईने भनिएता पनि बिरामीबाट मनोमानीरूपमा बेडचार्ज शुल्क लिने गरिएको र यसबाट सर्वसाधारणहरु बढी मारमा पर्ने गरेको पाईएको छ । यसरी संचालित अस्पतालहरुमा नोवेल मेडिकल कलेज, न्यूरो अस्पताल, लाईफगार्ड अस्पताल, बिराट नर्सिङ होम, ग्रिनकस हस्पीटल मुख्य रुपमा रहेका छन् ।

(त्रैमासिक प्रतिवेदन-मानब अधिकार संजाल तथा शान्ति कार्य समुह (प्याग) नेपाल, प्रदेश नं. १)

सप्तरी सदरमुकाम राजविराजमा बिरामीको रगत जाँच गर्ने केही ल्याबहरुमा बिरामीको रगत तानेर फाल्दै आफूखुसी रिपोर्ट दिने गरेको पाईएको छ । जिल्ला समन्वय समिति कार्यालयको गेट अगाडी मंगलबार दिउँसो व्यस्त सडकमा फालिएको फोहोरको थुप्रोमा सयवटा भन्दा बढी रगत भरेको सिरिन्ज फेला परेको थियो । जनस्वास्थ्य कार्यालय सप्तरीका सूचना अधिकृत छेदीप्रसाद यादवले रगतको नमुना परीक्षणनै नगरी सिरिन्ज फालिएको देखिएको जनाउँदै आफूखुसी रिपोर्ट दिने कार्य निन्दनीय र जघन्य अपराध भएको बताए । राजविराजमा अनाधिकृत रुपमै ल्यावहरु पनि संचालनमा रहने गरेको स्थानीय स्वास्थ्यकर्मीहरुको भनाई छ ।

(त्रैमासिक प्रतिवेदन-नेपाल मधेश फाउण्डेशन, प्रदेश नं. २)

यस त्रैमासिक अवधिमा कपिलवस्तु जिल्लामा रहेका धैरै स्वास्थ्य संस्थाहरुमा औषधी अभाव भएको पाईयो ।स्थानीय तह र स्वास्थ्य संस्थाहरुवीच तालमेल नहुँदा औषधी अभाव भएको स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मीहरुको भनाई रहेको पाईयो । स्थानीय

तहहरुले समयमै औषधीको व्यवस्था र औषधी खरिदकोलागि रकम उपलब्ध नगराउँदा औषधी अभाव हुन गएको जिल्ला अस्पताल तौलिहवाका अध्यक्ष बिजय जयसवालले बताए ।

(त्रैमासिक प्रतिवेदन-माहुरी-होम, प्रदेश नं. ५)

कास्कीको पोखरा लेखनाथ महानगरपालिका-९ स्थित नयाँबजारको गण्डकी मेडिकल कलेज टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टरमा कार्तिक १८ गते चिकित्सकको लापरवाहीले एक सुत्केरी महिलाको मृत्यु भएको जनाउँदै मृतकका आफन्तले विरोध गर्दा दिनभर अस्पतालको वातावारण तनावपूर्ण रह्यो ।

(त्रैमासिक प्रतिवेदन-माहुरी-होम, प्रदेश नं. ४)

प्रहरीले काठमाडौंका विभिन्न परीक्षा केन्द्रहरुबाट सन् २०१७ को अक्टोवर १४ का दिन एमबिबिएस प्रवेश परीक्षामा विद्युतीय सामग्री प्रयोग गरी चिट चोर्ने/चोराउन मद्दत गर्ने ३० जनालाई गिरफ्तारी गरि कार्वाही प्रक्रिया अगाडि बढाएको छ । ती व्यक्तिहरु ताररहित विभिन्न उपकरणसहित पक्राउ परेका हुन् । यसमा केही डाक्टर र शैक्षिक परामर्श सेवा प्रदायक संस्थाका प्रतिनिधिहरु पनि रहेका छन् । करीब १ महिनासम्म सो परीक्षालाई निलम्बनमा राखेपश्चात त्रिभुवन विश्वविद्यालय अन्तर्गत इन्स्टिच्युट अफ मेडिसिनले उक्त एमबिबिएसका सबै प्रवेश परीक्षाहरु रद्द गरेको छ ।

(त्रैमासिक प्रतिवेदन-रुद्र पंगेनी, प्रदेश नं. ३)

**लागू औषध ओसारपसार तथा सेवन एक प्रमुख समस्याको रुपमा रहेको पाईएको छ । दिनहुँ जसो प्रहरीले यस्ता घटनामा संलग्नलाई पक्राउ गर्ने गरेता पनि यसमा संलग्न व्यक्ति तथा प्रयोगकर्तामा सुधार आएको नदेखिएकोले यसको दीर्घकालीन समाधान खोज्नु जरुरी छ ।**

वीरेन्द्रनगर नपा-१ का कृष्ण बहादुर थापा र उमेश नेपाली, चौकुने गाउँपालिकाका अमर राना र टेकेन्द्र विसीलाई १० ग्राम ब्राउन सुगर सहित प्रहरीले पक्राउ गर्‍यो । (स्रोतः अक्टोवर ७ को साझा विसौनी दैनिक) ।यस्ता लागू औषध कारोवारमा युवाहरुको संलग्नता बढी मात्रामा भईरहेको र बेरोजगारी, गरिबी र अशिक्षाका कारण उनीहरु यस्तो कृयाकलापमा संलग्न भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक उमाप्रसाद चतुर्वेदीले जानकारी दिए ।

(त्रैमासिक प्रतिवेदन-मध्य पश्चिमाञ्चल विश्वविद्यालय सुर्खेत, प्रदेश नं. ६)

**प्रदेश नम्वर ७ का जिल्ला अन्तर्गत कतिपय स्वास्थ्य संस्थाहरुमा गर्भवती महिलाले खाने आईरन चक्कीको चरम अभाव देखिन थालेको छ । गर्भवती भएको तीन महिनादेखि आईरन चक्की खानुपर्ने भएता पनि स्वास्थ्य कार्यालय र अस्पतालहरुमा चक्कीको अभावका कारण गर्भवती महिलाहरुको स्वास्थ्यमा प्रतिकुल प्रभाव परेको पाईएको छ ।**

बैतडी जिल्लाको सिगास गाउँपालिका-२ की कलावती धामीले घण्टौ हिडेर अस्पताल पुगेता पनि चक्की नपाएपछि रित्तै हात घर फर्किनु परेको गुनासो गरिन् ।

सुर्नया गाउँपालिका-६ शङ्करपुरकी जानकी अवस्थीको पनि समस्या उस्तै रहेको छ । उनले नियमित स्वास्थ्य जाँच गराए पश्चात निःशुल्क रुपमा पाईने आईरन चक्की मागेता पनि पाउन नसकेको दुखेसो व्यक्त गरिन् ।

स्थानीय स्वास्थ्य कार्यालयका स्वास्थ्यकर्मीहरुले केन्द्र र जिल्लाबाट सरकारले पठाउने औषधी स्थानीय तहमार्फत व्यवस्था गरिने भनि स्थानीय तहमा देखाउने र स्थानीय तहले निर्वाचन पश्चात काम गर्न केही समय लाग्ने भएकाले तत्काल सवै व्यवस्था गर्न नसकिएको जनाएका कारण त्यसको प्रत्यक्ष असर स्थानीय स्वास्थ्य कार्यालयमा धाउने विरामीहरुलाई परिरहेको स्थानीय सेवाग्राहीले गुनासो गर्दै आएका छन् ।

(त्रैमासिक प्रतिवेदन-हेमकर्ण विक, प्रदेश नं. ७)

---

**यस त्रैमासिक अवधिमा सडक निर्माण कार्यमा भएको ढिलासुस्तीका कारण सडक आवागमनमा सर्वसाधारणले निकै सास्ती खेप्नुपर्ने अवस्था देखियो । त्यसैगरि अन्तराष्ट्रिय विमानस्थल निर्माणका क्रममा अधिग्रहण गरिएका जग्गाको मुआव्जा उपलब्ध नभएका कारण स्थानीयस्तरमा केही तनावका स्वरुपहरु समेत देखा परेको पाईयो ।**

सर्लाहीमा बढदो सवारी चाप र सो अनुसार सडक निर्माण तथा मर्मतको कार्य नहुँदा सडकमा आवागमन गर्न समेत निकै समस्या भएको छ । स्थानीय समुदायले सो जिल्लाको क्षेत्रबाट निर्वाचित भएका जनप्रतिनिधिहरु समक्ष त्यस बिषयमा पटक पटक कुरा उठाएका र ध्यानकर्षण गराएतापनि यस त्रैमासिक अवधिको अन्तसम्ममा सडक निर्माण कार्य पूरा हुन सकेन ।

(त्रैमासिक प्रतिवेदन-नेपाल मधेश फाउण्डेशन, प्रदेश नं. २)

गौत्तम बुद्ध अन्तराष्ट्रिय बिमानस्थल निमार्णकोलागि जग्गा अधिकरण गरे पनि समयमा मुआव्जा नपाएको भन्दै स्थानीयहरुले ०७४ मंसीर २० गते गौतम बुद्ध अन्तराष्ट्रिय बिमानस्थल निमार्णको कार्यालयमा तालाबन्दी गरे । मुआव्जा नपाएको

विषयलाई लिएर निर्माणस्थलमा पटक पटक धर्ना, आन्दोलन लगायतका कार्यहरु हुँदै आएका छन् । यसले गर्दा बिमानस्थल निर्माणमा पनि तनाव हुने गरेको छ ।

रूपन्देहीको मर्चवारमा महिलामाथि भएको कुटपिटका आरोपितहरु माथिको कार्वाही फितलो रुपमा गरिएको जनाउँदै पीडित पक्षबाट २०७४ कार्तिक ११ गते रुपन्देहीको मर्चवारमा प्रहरी विरुद्ध प्रदर्शन गरे । सातजनाको सामुहिक कुटाईबाट २४ दिनदेखि मरणासन्न अवस्थामा रहेकी रुपन्देही मर्चवार गाउँपालिका-१ इस्लामपुरकी ३० वर्षीया शिवकुमारी कुर्मीको उपचार खर्च तथा आरोपितहरुलाई कानुनी कार्वाहीमा प्रहरीले असहयोग गरेको भन्दै पीडितहरुले प्रदर्शन गरेका थिए ।

(त्रैमासिक प्रतिवेदन-माहुरी-होम, प्रदेश नं. ५)

**हरेक स्थानीय तह भएका ठाउँमा कम्तिमा एउटा बैंक स्थापना हुने नीति सार्वजनिक भएता पनि कतिपय स्थानहरुमा अझै बैंक नभएका कारण स्थानीय सर्वसाधारणले वित्तिय कारोवारमा समस्या भोग्नु परेको छ ।**
सोलुखुम्बुको छ वटा स्थानीय तहमध्ये सदरमुकाम बाहेकका अन्य स्थानीय तहमा कुनै पनि बैंकको शाखा नभएका कारण आर्थिक कारोबारको लागि स्थानीय तहका कर्मचारी र जनप्रतिनिधि तीन दिनसम्मको पैदल बाटो हिँड्न बाध्य छन् । हिमाली जिल्ला भएकाले भौगोलिक विकटता छँदैछ । जिल्ला सदरमुकामदेखि लिखुपिके र महाँकुलुङ गाउँपालिकाको कार्यालय १७ कोस टाढा पर्छ । अहिले सदरमुकाम रहेको सोलुदूधकुण्ड नगरपालिकामा राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक र दुईवटा निजी क्षेत्रका बैंकहरु सेञ्चुरी कमर्सियल बैंक र एनएमबी बैंकले सेवा दिईरहेका छन् । जिल्लाको दूधकोशी, दूधकौसीका, सोताङ, नेचासल्यान गाउँपालिका महाकुलुङ र लिखुपिके गाउँपालिकामा बैंकको शाखा नहुँदा आर्थिक कारोबारका लागि सास्ती खेप्नु परिरहेको छ ।

(त्रैमासिक प्रतिवेदन-मानब अधिकार संजाल तथा शान्ति कार्य समुह (प्याग) नेपाल, प्रदेश नं. १)

## २ सामाजिक एकता /तनाव

**बिगत प्रतिवेदनमा झैं यस त्रैमासिक अवधिमा सातवटै प्रदेशहरुमा सामाजिक हिंसा र तनावका मुद्दाहरु सार्वजनिक जानकारीमा आएको पाईयो । महिलामाथिको हिंसा अन्तर्गत बलात्कार, बलात्कारका प्रयास, यौनजन्य दुर्व्यवहार, बहुविवाह, बोक्सीको आरोपमा अमानवीय कार्य, घरेलु हिंसा लगायतका सवालमा हिंसा र तनावका घटनाहरु बढदो रुपमा रह्यो । यसले महिला र बालिकामाथिको बढ्दो असुरक्षालाई समेत उजागर गरेको छ ।** *(तलको बलात्कार र बलात्कारको प्रयास सम्बन्धी घटना विवरणमा पीडितको नाम र ठेगानालाई लैंगिक संवेदनशीलताको हिसावले गोपनीयता कायम गरिएको छ ।)*

धनकुटामा गत वर्षको तुलनामा यसवर्ष महिला हिंसाका घटना बढेको तथ्याङ्क सार्वजानिक भएको छ । धनकुटामा आयोजित कार्यक्रममा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले वार्षिक समीक्षा कार्यक्रममा गत वर्षको तुलनामा १० प्रतिशतले घरेलु हिंसाका घटनामा वृद्धि भएको जनाएको छ । जिल्लामा गैरराज्य पक्षबाट भएको ३८ घटनामध्ये ३३ वटा घटना महिलामाथि हुने हिंसा अन्तर्गत घरेलु हिंसाको रहेको तथ्याङ्कमा उल्लेख छ ।
खोटाङ जिल्लाको रूपाकोट मझुवागढी नपा-६ नेर्पा घर भई सोही नपा-७ दोपास्थित माइतीघरमा बस्दै आएकी ४२ वर्षीया राजमाया राईलाई मङ्सिर ३ गते ४६ वर्षीय पति राजकुमार राईले खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले गिरफ्तारी गरयो । घरायसी कुरामा भनाभन भएको बेला राईले श्रीमतीलाई खुकुरी प्रहार गर्दा उनको घटनास्थलमै ज्यान गएको स्थानीयले बताए ।

(त्रैमासिक प्रतिवेदन-मानब अधिकार संजाल तथा शान्ति कार्य समुह (प्याग) नेपाल, प्रदेश नं. १)

पर्साको ठोरी गाउँपालिका-५ सुवर्णपुरकी एक महिलाको २०७४ असोज १९ गते बलात्कारपछि हत्या भएको छ । भकारी लिप्न चाहिने माटो लिनको लागि चौरतिर गएकी सानीलक्ष्मी बम्जनलाई स्थानीय ३१ वर्षीय उमेश हजराले जबरजस्ती बलात्कारपछि ज्यान लिएको प्रहरीले जनायो । पीडितलाई बलात्कारपछि कोदालो र खुर्पीले प्रहार गरि हत्या गरिएको प्रहरीले जनायो ।

१७ बर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले अग्नीसाइर कृष्णसवरन गाउँपालिका-२ घर भई कन्चनरुप नपा-१२ स्थित रुपनगरमा बस्दै आएका ३० वर्षीय मो. हाकिमलाई २०७४ असोज ३० गते राति प्रहरीले गिरफतार गर्‍यो । पीडित पक्षले असोज ३० गते बलात्कार गरेको भनि आरोपितमाथि दिएको उजुरीका आधारमा तत्कालै गिरफ्तारी गरी कार्वाहीको लागि जिल्ला प्रहरी कार्यालयमा बुझाईएको इलाका प्रहरी कार्यालय कन्चनरुपका इन्स्पेक्टर डिल्ली बहादुर चौहानले बताए । पीडितको स्वास्थ्य परीक्षण राजविराजस्थित गजेन्द्र नारायण सिंह अञ्चल अस्पतालमा असोज ३१ गते गरिएको प्रहरीले जनायो ।

२० वर्षीय एक महिलालाई बलात्कारको प्रयास गरेको आरोपमा प्रहरीले डाकनेश्वरी ७ का ४२ वर्षीय शिव कुमार पासवानलाई असोज ३१ गते गिरफ्तारी गर्‍यो । पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०७४ साउन १ गते दिएको उजुरी

असोज २७ गते दर्ता गरी सोही उजुरीका आधारमा आरोपितलाई अनुसन्धानका लागि गिरफ्तारी गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका एसपी मुकेश कुमार सिंहले बताए ।

(त्रैमासिक प्रतिवेदन-नेपाल मधेश फाउण्डेशन, प्रदेश नं. २)

गोरखाको भीमसेन गाउँपालिका-६ बोर्लाङमा १० वर्षीया एक बालिकालाई २०७४ असोज २५ गते ८५ वर्षीय एक वृद्धले बलात्कार गरेको आरोपमा पीडित पक्षले कार्वाहीको माग गर्दै सोही दिन प्रहरीमा उजुरी दिए । पीडित पक्षका अनुसार आरोपितले यसअघि पनि नावालिग बालिकालाई पैसा दिने प्रलोभन दिदै बलात्कार र यौनजन्य दुर्व्यवहार गर्दै आएका थिए ।

म्याग्दीको बेनी नपा-३ भकिम्ली भुकभुकेमा १४ वर्षीया सुस्त मनस्थितीकी एक बालिकालाई २०७४ असोज २६ गते बलात्कार गरेको आरोपमा सोही ठाउँका ३९ वर्षीय भिमबहादुर घर्ती क्षेत्रीलाई प्रहरीले गिरफ्तारी गरयो ।

गोरखामा आफ्नै छोरीलाई यौनजन्य दुर्व्यवहार गर्नुका साथै बलात्कारको प्रयास गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय गोरखाले २०७४ कार्तिक ३ गते एक व्यक्तिलाई पक्राउ गर्‍यो । आरोपितले मादक पदार्थ सेवन गरेको अवस्थामा १९ वर्षीया छोरीलाई बलात्कारको प्रयास गरेको आरोपमा गिरफ्दार गरिएको प्रहरीले जनायो । तनहुको दमौलीमा एक २२ बर्षिय युवतीलाई पुस ६ गते बलात्कार गरेको आरोपमा भारतको रक्सौल बस्ने २५ बर्षीय युवकलाई दमौलीबाट प्रहरीले गिरफ्दार गरयो ।

बाग्लुङ जिल्लास्थित गलकोट नपा-५ लाम्पाटाकी ३५ वर्षीया महिलाको २०७४ असोज २५ गते राति हत्या गरेको आरोपमा प्रहरीले ५७ वर्षीय खिमबहादुर निउरे र ३५ वर्षीया निशा रेग्मीलाई गिरफ्दार गरेको छ । मृतकको शव तन्नामा पोको पारेर दरमखोलामा फालिएको अवस्थामा प्रहरीले फेला पारेको थियो । धारिलो हतियार प्रहार गरि महिलाको हत्या गरिएको प्रहरीले जनायो ।

(त्रैमासिक प्रतिवेदन-माहुरी-होम, प्रदेश नं. ४)

बहुविवाह गरेको आरोपमा प्रहरीले जुम्लाको तिला गाउँपालिकास्थित कुडारीबाट दुई जनालाई असोज २२ गते गिरफ्तारी गरेको छ । गिरफ्तारी गरिएकाहरुमा तातोपानी गाउँपालिका-२ डाँगीवाडाका ३० बर्षीय वीरेन्द्रकुमार डाँगी र गोरखाको फिनाम गाउँपालिका-४ की इराधा खत्री रहेका छन् ।

बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार तथा जोखिम समेत बढ्दै गएको पाईएको छ । जिल्ला बालकल्याण समिति सुर्खेतका अनुसार दुईहजार बालवालिका अभिभावक बिहीन छन् । यस अवधिमा महिला तथा बालबालिका कार्यालयको नेतृत्वमा १० जना सडक बालबालिकाको उद्धार गरिएको छ ।

(त्रैमासिक प्रतिवेदन-मध्य पश्चिामाञ्चल विश्वविधालय सुर्खेत, प्रदेश नं. ६)

मानसिक सन्तुलन ठिक नभएकी ३८ वर्षीया एक महिलालाई बलात्कारको प्रयास गरेको आरोपमा भीमदत्त नपा-४ का २६ वर्षीय गजेन्द्र बिष्टलाई प्रहरीले २०७४ असोज २० गते गिरफ्तारी गरेको छ । एकान्त चौरमा जवरजस्ती गर्न खोजेपछि स्थानीय महिलाहरुको सहयोगमा आरोपितलाई प्रहरीमा बुझाई कार्वाहीको माग गरिएको प्रहरीले जनाएको छ ।

यस अवधिमा बैदेशिक रोजगारीको प्रलोभनमा पारी बेचबिखनका लागि लगिएका ६ जना नेपाली महिलाहरुलाई माईती नेपाल कञ्चनपुरको टोलीले भारतको उत्तराखण्डस्थित रुद्रपुरबाट उद्धार गरि नेपाल फर्काएको छ ।

(त्रैमासिक प्रतिवेदन-हेमकर्ण विक, प्रदेश नं. ७)

**प्रदेश नम्वर ५ मा खासगरी यस अवधिमा महिला र बालिका माथिको हिंसाका घटनाहरु भईरहेको पाईयो । यस अवधिमा महिलामाथिको बलात्कार, बलात्कारका प्रयास, यौनजन्य दुर्व्यवहार र घरेलु हिंसाका घटनाहरु नै प्रमुख रुपमा रहेको पाईएको छ ।**

१४ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय रुपन्देहीले भारतको गोरखपुरका ४२ वर्षीय सफराज खानलाई असोज २० गते भैरहवाको देवकोटा चोकबाट गिरफ्तारी गरयो । पीडित बालिकालाई आरोपितले असोज ९ गते ललाई फकाई विवाह गर्ने भनी भगाएर भैरहवाको बस डिलवामा भाडामा लिएको कोठामा राखी बलात्कार गरेको भनि पीडित पक्षले उजुरी गरेपश्चात आरोपितलाई गिरफ्तारी गरेको प्रहरीले जनायो ।

गुल्मीमा मानसिक सन्तुलन ठीक नभएकी ३५ वर्षीया एक महिलालाई असोज १५ गते सामूहिक बलात्कार गरेको आरोपमा प्रहरीले मुसिकोटका २४ वर्षीय ध्रुव थापा, १८ वर्षीय हरि खत्री र बुद्ध नेपाली सहित ६ जनालाई असोज १८ गते गिरफ्तारी गर्‍यो ।

रुपन्देहीमा एक १७ वर्षीया बालिकालाई राम्रो जागिर दिने प्रलोभन देखाई यौन व्यवसायमा बाध्य पारिएको आरोपमा प्रहरीले बुटवल उमनपा-४ स्थित होटल हेगन हिल्सका सञ्चालक २८ वर्षीय सुर्यबहादुर क्षेत्रीलाई २०७४ कात्तिक ७ गते गिरफ्तारी गरयो ।

आठ वर्षीया बालिकालाई २०७४ कार्तिक २६ गते बलात्कार गरेको आरोपमा गुल्मी जिल्लास्थित धुर्कोट गाउँपालिका-१ राहालेका ३३ वर्षीय टिकाबहादुर बिकमाथि कार्वाहीको माग गर्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालय गुल्मीमा कात्तिक २७ गते उजुरी दर्ता गराए ।

यस अवधिमा मानव बेचबिखनमा परेका पाँचजना बालबालिकालाई प्रहरीले उद्धार गर्नुका साथै बालगृह संचालनको नाममा मानव बेचबिखनमा संलग्न भएको आरोपमा तीनजनालाई गिरफ्तारी गरि कार्वाही प्रकृया अगाडि बढाईएको प्रहरीले जनाएको छ ।

(त्रैमासिक प्रतिवेदन-माहुरी-होम, प्रदेश नं. ५)

**यस त्रैमासिक अवधिमा लिङ्ग पहिचान गरि भ्रुण हत्या गर्ने प्रबृत्ति बढेको भन्दै स्थानीय तहमा चिन्ता र चासोको बिषय भएपछि यसको रोकथामका लागि सरोकारवालाहरुले नै बालिका बचाउ अभियान नै शुरु गरेको पाईयो ।**

सुर्खेतमा लिङ्ग पहिचान गरी भ्रूण हत्या गर्नेको संख्या बढ्दै गएको भन्दै भ्रुण पहिचान गरि गर्भपतन गराउने कार्य रोक्न गुर्भाकोट नगरपालिकाका सरोकारवालाहरुले बालिका बचाउ अभियान सुरु गरेका छन् (स्रोतः अक्टोवर १५ को साझा विसौनी दैनिक) भने छोरी मात्रै भएर पनि परिवार नियोजन गर्ने १८ जोडीलाई नगरपालिकाले सम्मान गरेको छ (स्रोतः ३१ अक्टोवरको साझा विसौनी) ।

(त्रैमासिक प्रतिवेदन-मध्य पश्चिमाञ्चल विश्वविद्यालय सुर्खेत, प्रदेश नं. ६)

**यस अवधिमा प्रदेश नं. ५ मा दुई धार्मिक समुदायवीचको विवाद बढेसंगै झडपमा परिणत हुँदा दर्जनौ व्यक्तिहरु घाईते भएका स्थितीलाई नियन्त्रण गर्ने क्रममा प्रहरीले दर्जनौ राउण्ड हवाई फायर अश्रुग्याँस समेत प्रहार गर्नुपरेको थियो । यसले गर्दा आगामी दिनमा पनि यस किसिमका घटनाहरु पुनराबृत्ति हुने हो कि भनि स्थानीयमा निकै भय र त्रासको स्थिती सृजना भएको पाईयो ।**

दुर्गा पूजाको मूर्ती विसर्जन गर्ने हिन्दु समुदाय र मोहरमको ताजीया विसर्जन गर्ने मुस्लिम समुदायको बाटो एउटै परेपछि दुई समुदायका मानिसहरुवीच २०७४ कार्तिक १२ गते साँझ दोहोरो झडप भयो । हिन्दु र मुस्लिम समुदायवीचको झडप रोक्न प्रहरीले दर्जनौं सेल अश्रु ग्याँस र हवाइ फायर गरेको थियो । सोही क्रममा प्रहरी र सर्वसाधारण दुबैतर्फ एक दर्जनभन्दा बढी घाइते भएका थिए । हिन्दु र मुस्लिम समुदायका मानिसहरुवीच उत्पन्न तनावका कारण मानवीय क्षति हुन नपाओस भनि जिल्ला प्रशासन कार्यालय बर्दियाले कार्तिक १३ गते नेपालगञ्ज-गुलरिया सडकखण्ड अन्तर्गत लालपुरको एक किलोमिटर क्षेत्रमा कर्फ्यु आदेश जारी गरयो ।

(त्रैमासिक प्रतिवेदन-माहुरी-होम, प्रदेश नं. ५)

**जातिय विभेद तथा छुवाछुत र बालअधिकार हनन्का घटनाहरु यस त्रैमासिक अवधिमा पनि भई नै रहेको पाईयो ।**

मोरङ बेलबारी नपा-२ की १४ वर्षीया एक बालिकालाई पैसा चोरेको आरोपमा मोसो दलेर जुत्ताको माला लगाई गाउँ घुमाउने कार्य गरेको आरोपमा सोही ठाउँका ४५ वर्षीया दुर्गा चौधरी र ५० वर्षीय कुलदिप कुँवरलाई २०७४ असोज १९ गते प्रहरीले गिरफ्तारी गरयो । आरोपितद्वयले बालिकामाथि करिव ६ सय रुपियाँ चोरी गरेको आरोपमा मोसो दलेर जुत्ताको माला लगाई गाउँ घुमाउँदै गरेको अवस्थामा प्रहरीले बालिकाको उद्धार गरेको थियो । इलाका प्रहरी कार्यालय बेलवारीका प्रहरी निरिक्षक रामजी कटुवालले घटनामा अगुवाको रूपमा संलग्न दुबै आरोपितलाई सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाइएको जानकारी दिए ।

(त्रैमासिक प्रतिवेदन-मानब अधिकार संजाल तथा शान्ति कार्य समुह (प्याग) नेपाल, प्रदेश नं. १)

जातिय छुवाछुतका कारण बैतडीको सदरमुकाममै पनि दलित समुदायले पालेका गाईभैसीको दुध किनबेच हुँदैन । सामाजिक सचेतनाका कारण दलित समुदायका मानिसलाई होटलमा प्रवेश दिईएपनि उनीहरुले उत्पादन गरेको दुध र यस्तै प्रकारका सामग्रीहरु बेचबिखनमा अझै निकै समस्या नै रहेको पाईएको छ । दशरथ चन्द नपा-४ कि पार्वती भुलले आफूले बजारमा लिएर गएको दुध बेच्न निक्कै समस्या खेप्नु परेको पीडा सुनाईन् ।

(त्रैमासिक प्रतिवेदन-हेमकर्ण विक, प्रदेश नं. ७)

**यस अवधिमा संचार क्षेत्र पनि धम्की र आक्रमणको निशानामा परयो । तस्वीर खिचेको र समाचार लेखेकै कारण संचारकर्मीमाथि आक्रमण गरिएको घटनाले स्वतन्त्रपूर्वक लेख्ने र बिचार अभिव्यक्त गर्ने अधिकारमाथि नै चूनौती बढेको छ । यसले गर्दा सँचारकर्मीहरु नै असुरक्षित हुनु परेको अवस्थालाई चित्रण गरेको छ ।**

कास्कीका पत्रकार सुरेशराज अधिकारीलाई हातपात गरेको आरोपमा प्रहरीले पोखरा लेखनाथ महानगरपालिका-२८ का ३७ वर्षीय विकास लामा गुरुङलाई असोज २९ गते गिरफ्तारी गरेको थियो । समाचार लेखेकै आधारमा समाधान राष्ट्रिय दैनिक र माछापुच्छ्रे एफएममा कार्यरत अधिकारीलाई असोज २९ गते पोखरा महानगरपालिकाको समाचार सङ्कलनका क्रममा गुरुङले हातपात गरेको भन्दै पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिएका थिए । उजुरीका आधारमा अनुसन्धान गरि कार्वाही प्रकृया अगाडी बढाईने प्रहरीले जनायो ।

(त्रैमासिक प्रतिवेदन-माहुरी-होम, प्रदेश नं. ४)

छतमा यात्रु राखेर जोखिमपूर्ण यात्रा गराएको फोटो खिचेर सार्वजनिक गरेको भन्दै रूकुमका सिस्ने हिमाल बस तथा मिनीबस यातायात समितिका कर्मचारी तथा यातायात व्यवसायी चक्रबहादुर केसीले पत्रकार महासङ्घ रूकुमका सदस्य एवम् रेडियो सानीभेरीका समाचारदाता नारायण ओलीमाथि २०७४ कार्तिक २६ कुटपिट गर्नुका साथै ज्यान मार्ने धम्की दिए । उनीमाथि भएको दुर्व्यवहारको पत्रकार सम्बद्ध संगठनहरुले भर्त्सना गर्दै दोषीमाथि अविलम्ब कार्वाही गर्न माग गरे ।

(त्रैमासिक प्रतिवेदन-माहुरी-होम, प्रदेश नं. ५)

कैलालीका पत्रकार तथा नेपाल टेलिभिजनका सम्वाददाता लक्ष्मी जैसीलाई २०७४ मंसीर २ गते आफ्नै घरमा सुतिरहेको बेला अपरिचित व्यक्तिहरुको समूहले खुकुरी प्रहार गरि घाईते बनाए । पीडितको उपचार कोहलपुरस्थित अस्पतालमा भईरहेको प्रहरीले जनाएको छ । घटनाको पत्रकारहरु सम्बद्ध संघ संगठनहरुले विरोध जनाउँदै दोषी पत्ता लगाई कार्वाही गर्न माग गरेका छन् ।

(त्रैमासिक प्रतिवेदन-हेमकर्ण विक, प्रदेश नं. ७)

## ३ राजनीतिक तनाव / परिचालन

**प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यका लागि मंसीर १० र २१ गते दुई चरणमा तय गरिएको निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ । उच्च हिमाली र उच्च पहाडी गरि ३२ जिल्लाहरुमा पहिलो चरणमा र पहाडी तथा तराई मधेशका ४५ जिल्लाहरुमा दोश्रो चरणमा निर्वाचन सम्पन्न भयो । प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा पनि राजनीतिक दलहरुबाट आचारसंहिता उल्लङ्घन भएको पाईयो । भोज भतेर गर्ने र भोट माग्ने, पैसाको चलखेल लगायतका गतिविधीका कारण स्थानीय दलका कार्यकर्तावीच केही ठाउँमा झडप समेत भएको पाईएको थियो ।**

प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको समयमा आचारसंहीता विपरीत प्रदेश नम्बर २ को सप्तरी, सिराहा लगायतका जिल्लाहरुमा अधिकांश राजनीतिक दलहरुले राजनीतिक सभा, सम्मेलन र विभिन्न राजनीतिक कार्यक्रमहरु विद्यालय हातामा गरेको पाईयो । सप्तरीको विष्णुपुर गाउँपालिकाको खुरहुरिया चौकस्थित जनता माध्यमिक विद्यालय परिसरमा नेपाली कांग्रेसका कार्यकर्ताहरुले २०७४ कार्तिक २३ गते निर्वाचन आचारसहिता विपरीत विद्यालय हाताभित्र सभा गरे । मुल ढोकामा पार्टी झन्डा टाँगेर चौरमा सभा गरिएको पाईएको हो । सभामा आएका पाहुनालाई भोज दिन कक्षाकोठालाई भान्साका रुपमा प्रयोग गरिएको थियो । विद्यालयमा भएको कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री जितेन्द्रनारायण देवको समेत उपस्थिती रहेको थियो ।

(त्रैमासिक प्रतिवेदन-नेपाल मधेश फाउण्डेशन, प्रदेश नं. २)

मानाङ्गमा नेकपा एमालेको तर्फबाट प्रदेशसभा सदस्यमा सिफारिस भए लगत्तै दिपक मनाङगेले मनाङका स्थानीयलाई त्रासमा राख्दै धम्क्याएको, रकम लुपापाट गरेको, आफूलाई मत नदिए हात काटिदिने धम्की दिएको भनि स्थानीयहरुले गुनासो गरेका समाचारहरु सार्वजनिक भए ।

गोरखाको चुमनुब्री गाउँपालिका-३ स्थित सल्लेरीमा नविन गुरुङको झोलामा रहेको कांग्रेसको झन्डा, पोस्टर, पर्चा, पम्प्लेट २०७४ मंसिर ४ गते वाम गठबन्धनका कार्यकर्ताहरुले खोसेर जलाइदिएका कारण दुवै पक्षका कार्यकर्ताहरुवीच विवाद र झडप समेत हुन पुगेको थियो ।

स्याङजाको साविक तुलसीभन्ज्याङ गाविस भवनमा लोकतान्त्रिक र वाम गठबन्धनका कार्यकर्ताहरुबीच मतदाताहरुको विषयलाई लिएर २०७४ मंसिर २१ गते विवाद उत्पन्न भई झडप समेत भयो । स्थितीलाई नियन्त्रणमा लिन प्रहरीले हवाई फायर गर्नुपरेको थियो ।

गोरखाको भिमसेन गाउँपालिकाको केन्द्र र नाम परिवर्तन गर्ने विषयमा विवाद हुँदा २०७४ कार्तिक १५ साँझ भिमसेन-५ बगुवामा खुकुरी हानाहान भयो । झडपमा कांग्रेसका स्थानीय सबिन बानिया, माओवादीका सुजन श्रेष्ठ र सुमन श्रेष्ठ गरी तीन जना घाईते भए । बगुवामा रहेको केन्द्र गाउँपालिकाको वडा नम्बर-१ को घ्याम्पेशाल सार्ने विषयमा विवाद भएको प्रहरीले जनाएको थियो ।

(त्रैमासिक प्रतिवेदन-माहुरी-होम, प्रदेश नं. ४)

बाँकेमा नेपाली कांग्रेसका कार्यकर्ताहरुले टिकट वितरणमा असन्तुष्टि जनाउदै कार्तिक १६ गते मनोनयन दर्ता अगाडी पार्टी कार्यालयमा तालाबन्दी गरे । बाँके क्षेत्र नं. २ मा नेपाली कांग्रेसले राप्रपालाई समर्थन गर्ने सहमति गरेपछि जिल्लामा कार्यकर्ताभित्र असन्तुष्टि बढेको थियो ।

(त्रैमासिक प्रतिवेदन-माहुरी-होम, प्रदेश नं. ५)

प्रदेश नम्वर ६ मा पनि यस अवधिमा मुख्यतया प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनकै कारण केही तनावका गतिविधीहरु भएको पाईयो । सम्पन्न निर्वाचनका क्रममा दलहरुबाट आचारसंहीता उल्लंघन व्यापक रुपमा भएको पाईयो । प्रचार प्रसारमा अस्वस्थ प्रतिस्पर्धा, निर्वाचन आयोगले निर्धारण गरेभन्दा बढी खर्च, पर्चा पम्पलेट, तुल व्यानर र माईकिङको प्रयोग, मतदातालाई प्रभावित पार्न भोजभतेर जस्ता कार्यमा सवै दलका उम्मेदवारहरुले आचारसंहिता मिचेको देखियो ।

त्यसैगरि यस अवधीमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्वतन्त्र विद्यार्थी युनियन र इन्जिनियरिङ संकायका विद्यार्थीहरुले विभिन्न १४ बुँदे माग राख्दै विश्वविद्यालयको केन्द्रीय कार्यालयमा तालाबन्दी समेत गरेका थिए ।

(त्रैमासिक प्रतिवेदन-मध्य पश्चिमाञ्चल विश्वविद्यालय सुर्खेत, प्रदेश नं. ६)

प्रदेश नं १ अन्तर्गत संघीय लिम्बुवान मंच नेपालले ऐतिहासिक पृष्ठभुमी र पहिचानका आधारमा अझै पनि अरुणपुर्वका ९ जिल्लालाई लिम्बुवान हुनुपर्ने माग राख्दै आएका छन् । साथै लिम्बु भाषीहरुको बाहुल्यतालाई मध्यनजर गर्दै लिम्बु भाषालाई प्रदेशको सरकारी काम काजको भाषा कायम गर्नुपर्ने माग गरेका छन् ।

(त्रैमासिक प्रतिवेदन-मानव अधिकार संजाल तथा शान्ति कार्य समुह (प्याग) नेपाल, प्रदेश नं. १)

बैतडीमा निर्वाचनका समयमा कुल १८२ मतदान केन्द्रहरुमध्ये तीन मतदान केन्द्रलाई अति संवेदनशील र ३८ वटा केन्द्रलाई संवेदनशील ठहर गरि सोही अनुसार सुरक्षा व्यवस्था मिलाईएको जिल्ला सुरक्षा समितिले जनायो ।

त्यसैगरि डडेल्धुरामा कुल ७७ मतदानस्थल मध्ये १६ वटा मतदानस्थललाई अति संवेदनशील र ३७ मतदानस्थललाई संवेदनशील स्थलका रुपमा राखिएको जिल्ला सुरक्षा समितिले जनायो । उक्त जिल्लाको परशुराम नपा-१२ बाट निर्वाचन सम्पन्न भए पश्चात मतपेटिका लिएर सदरमुकाम फर्कदै गरेको बा१झ ५५३९ नम्बरको गाडी २०७४ मंसीर २२ गते बिहान बाटोमा बिष्फोटमा पर्दा गाडी पूर्ण रुपमा क्षतिग्रस्त भयो । यद्यपी मतपेटिका भने सुरक्षित रहेको जिल्ला सुरक्षा समितिले जनायो ।

बाजुरा जिल्लाको बुढिगंगा नपा-१ मा २०७४ मंसीर ७ गते अपरिचित व्यक्तिहरुको समूहको आक्रमणबाट नेपाली कांग्रेसका पाँचजना कार्यकर्ताहरु घाईते भए । निर्वाचनको प्रचारप्रसारको लागि हिडेको समयमा उनीहरुमाथि आक्रमण भएको थियो । त्यसैगरि बुढिगंगा नपा-५ मा निर्वाचनका लागि खटिएका सहायक मतदान अधिकृत बिन्देश्वर प्रसाद यादवलाई मंसीर ६ गते एकान्त बाटोमा अज्ञात व्यक्तिहरुको समूहले कुटपिट गरेका थिए । उनको साथमा रहेको १२ हजार रुपैया समेत लुटपाट गरिएको यादवको भनाई थियो ।

बाजुरा जिल्लामा कुल ७० वटा मतदान स्थलहरुमध्ये ३१ वटा मतदान स्थल संवेदनशील र ८ वटा सामान्य स्थलका रुपमा रहेको प्रमुख जिल्ला अधिकारी लुकवहादुर क्षेत्रीले जानकारी दिए ।

(त्रैमासिक प्रतिवेदन-हेमकर्ण विक, प्रदेश नं. ७)

**यस अवधिमा नेत्रबिक्रम चन्द नेतृत्वको नेकपा माओवादीका कार्यकर्ताहरुबाट बिभिन्न ठाउँमा प्रचार प्रसारमा अवरोध गर्नुका साथै राजनीतिक दलका उम्मेदवारहरुमाथि आक्रमण, बिष्फोट र सम्पत्ति कब्जाका घटनाहरु समेत भएको पाईयो । तराईमा सशस्त्र गतिविधी संचालन गरिरहेको जयकृष्ण गोईत नेतृत्वको अखिल तराई मुक्ति मोर्चाले केही ठाउँमा भएका बिष्फोटका घटनाको जिम्मेवारी लिएको पाईयो ।**

प्रदेश नं. १ का जिल्लाहरुमध्ये भोजपुर, पाँचथर, धनकुटा, उदयपुर, खोटाङ लगायतका केही ठाउँमा विप्लवका कार्यकर्ताहरुबाट बिष्फोट र उम्मेदवारहरु माथिको आक्रमणका घटनाहरु भए पनि अन्य जिल्लाहरुमा शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न भएको छ । यद्यपी केही जिल्लाहरुमा भएको आक्रमण र विष्फोटका कारण यस प्रदेशका सवै ठाउँमा उम्मेदवार र मतदाताहरुमा त्रास भने रहेको पाईयो । खोटाङ जिल्ला स्थित प्रतिनिधि सभा सदस्यका उम्मेदवार बिशाल भट्टराई, प्रदेश सभाका उम्मेदवार सुभाषकुमार पोखरेल, हलेसी तुवाचुङ नगरपालिकाका प्रमुख इवन राई, लामीडाँडा गाउँपालिकाका प्रमुख लिलानाथ निरौला लगायतका स्थानीय नेताहरुको घरमा नेकपा माओवादीका कार्यकर्ताहरुले २०७४ कार्तिक २९ गते राती कालो झण्डा गाडेर हस्तलिखित पर्चा टाँस गरि घर जग्गा कब्जा गरिएको जनाए । यसले गर्दा स्थानीय जनजीवन समेत भयभीत भएको थियो । त्यसैगरि भोजपुर जिल्लामा नेपाली कांग्रेसका प्रदेश सभा सदस्यका उम्मेदवार गोविन्द बहादुर कार्कीको घरमा पनि २०७४ कार्तिक १७ गते कालो झण्डा टाँग्नुका साथै घरजग्गा कब्जा गरिएको पर्चा टाँस गरेका थिए ।

ताप्लेजुङमा प्रदेश सभाका उम्मेदवारहरु टङ्क आङबुहाङ लिम्बुको घरमा पनि २०७४ कार्तिक २२ गते सूचना टाँस गरि सम्पत्ती कब्जा गरिएको उल्लेख गरिएको थियो ।

(त्रैमासिक प्रतिवेदन-मानब अधिकार संजाल तथा शान्ति कार्य समुह (प्याग) नेपाल, प्रदेश नं. १)

सिरहाको मिर्चैया नपा-५ स्थित माओवादी केन्द्रको चुनावी सम्पर्क कार्यालयमा २०७४ मंसीर १५ गते अपराह्न अपरिचित व्यक्तिहरुको समूहले प्रेसरकुकर बम विस्फोट गराई कार्यालय भवनमा क्षति पुरयाए । प्रहरीका अनुसार घटनास्थलमा जइकृष्ण गोईत नेतृत्वको अखिल तराई मुक्ति मोर्चाको पम्पलेट भेटिएको थियो । घटनाको जिम्मेवारी समेत मोर्चाका कार्यकर्ताले लिएका सार्वजनिक जानकारीमा आएको थियो ।

(त्रैमासिक प्रतिवेदन-नेपाल मधेश फाउण्डेशन, प्रदेश नं. २)

प्रदेश नम्वर-३ मा केन्द्रीय नेता, बहालवाला मन्त्री लगायतका प्रतिनिधिहरुमाथि लक्षित बम प्रहारले चुनाव अघि सुरक्षामा चुनौती देखियो । उम्मेदवार र नेताहरु नै चढेको गाडीमाथि बम प्रहारका घटनाहरु यस अवधिमा भए । विष्फोटको त्रासका कारण कतिपय स्थानमा पूर्व निर्धारित कार्यक्रमहरु समेत रद्द गरेको पाईयो । यस अवधिमा एकजनाको मृत्यु भएको तथा कैयौ व्यक्तिहरु घाइते भएको पाईयो । नेपाली कांगेसका नेता तथा नुवाकोटबाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार रामशरण महतको चुनावी कार्यक्रममा प्रयोग भएको गाडी बम बिष्फोटमा परि क्षतिग्रस्त हुन पुग्यो । महतलाई कुनै चोटपटक नलागेपनि उनका आधा दर्जन कार्यकर्ताहरु सख्त घाइते भए । यसैगरी प्रतिनिधि सभाको दोस्रो चरणको चुनाव हुनुभन्दा केही दिन अगाडि नेपाली कांग्रेसका युवा नेता गगन थापामाथि काठमाडौंको निर्वाचन क्षेत्र नं ४ मा चुनाव प्रचार प्रसारको क्रममा आक्रमण भयो । थापालाई सामान्य चोट लागेको थियो भने चुनाव प्रचार प्रसारका क्रममा आधा दर्जनभन्दा बढी कार्यकर्ता घाइते भएका थिए । यी घटनाहरुले गर्दा सर्वसाधारणमा भय व्याप्त थियो । बमको अलावा प्रहरीले साना हतियार पनि सुरक्षा चुनौतीको रुपमा रहेको जनायो ।

(त्रैमासिक प्रतिवेदन-रुद्र पंगेनी, प्रदेश नं. ३)

निर्वाचनमा टिकट प्राप्तीको विषयलाई लिएर दलका उम्मेदवार तथा नेताहरुवीच पनि तनाव भएको पाईयो । निर्वाचन लक्षित आक्रमण, हतियार बरामद, उम्मेद्वार लक्षित बम आक्रमण, बम बिस्फोट, बम तथा बिस्फोटन पर्दाथ फेला, विप्लव नेतृत्वको नेकपाका कार्यकर्ताहरुको गिरफ्दारी, मतदाता शिक्षा सामग्री लुटपाटका घटनाका कारण यस अवधिमा प्रदेश नं. ४ मा तनाव बढेको पाईयो । बागलुङग जिल्लामा मतदाता शिक्षा कार्यक्रम अन्तर्गत निसीखोला गाउँपालिका-३ मा मंसिर २ गते लगिएको मतदाता शिक्षा सम्बन्धी सामग्रीहरु केही युवाले लुटेर च्यात्नुका साथै मतदाता शिक्षाका लागि गएकी कार्यकर्ता राधिका शर्मालाई समेत दुर्व्यवहार गरे ।

(त्रैमासिक प्रतिवेदन-माहुरी-होम, प्रदेश नं. ४)

निर्वाचन प्रकृया प्रतिनै असहमति जनाउँदै आएको नेकपा माओवादीका कार्यकर्ताहरुले यस अवधिमा ठाउँ ठाउँमा बिष्फोटक पदार्थहरु बिष्फोट गराएका कारण स्थानीय जनजीवन त्रसित रहयो । केही ठाउँमा अपहरण घटनाहरु समेत भए । विष्फोटमा परि केही व्यक्तिहरु घाईते समेत भएको जानकारी सार्वजनिक भएको थियो । मतदातालाई मत नखसाल्न धम्की दिनुका साथै सल्यानमा माओवादी केन्द्रका उम्मेदवारको घरमा कालो झण्डा टाँगेर घर कब्जाको घोषणा गरेका थिए ।

(त्रैमासिक प्रतिवेदन-मध्य पश्चिमाञ्चल विश्वविद्यालय सुर्खेत, प्रदेश नं. ६)

**स्थानीय तह निर्वाचन लगायत प्रतिनिधि सभा र प्रदेश सभा सदस्य पदका लागि भएको निर्वाचन बहिष्कार गर्दै आएको नेकपा माओवादीले दलका उम्मेदवारहरुलाई नै आक्रमणको निशाना बनाउन थालेपछि सुरक्षा निकायले नेकपा माओवादीका कार्यकर्ताहरुको गिरफ्तारीलाई तिव्रता दिएको पाईयो ।**

यस अवधिमा प्रहरीले नेत्रविक्रम चन्द नेतृत्वको नेकपा माओवादीका कार्यकर्ताहरुमध्ये धनकुटाबाट तीनजना कार्यकर्ताहरुलाई कार्तिक २९ गते गिरफ्दार गरेको प्रहरीले जनायो । त्यसैगरि मोरंगबाट मंसीर १ गते चारजनालाई, र इलामबाट मंसीर १८ गते १२ जनालाई गिरफ्तारी गरिएको थियो ।

(त्रैमासिक प्रतिवेदन-मानब अधिकार संजाल तथा शान्ति कार्य समुह (प्याग) नेपाल, प्रदेश नं. १)

निर्वाचन विरोधी गतिविधी गर्नुका साथै शान्ति सुरक्षा खलबल्याउने कार्य गरेको आरोपमा प्रदेश नम्वर ४ अन्तर्गत विप्लव नेतृत्वको नेकपा माओवादीका कार्यकर्ताहरु गोरखामा ५ जना, कास्कीमा १२ जना, तनहुँमा ४ जना, नवलपरासीमा २ जना र स्याङ्जामा ७ जनालाई गिरफ्तारी गरिएको प्रहरीले जनाएको थियो ।

(त्रैमासिक प्रतिवेदन-माहुरी-होम, प्रदेश नं. ४)

निर्वाचन विरोधी गतिबिधि गरेको आरोपमा प्रदेश नं. ५ अन्तर्गत कपिलवस्तुबाट नेकपा माओवादीका ११ जना, रोल्पाबाट १ जना, रुपन्देहीबाट ३ जना, रुकुमबाट १७ जना, नवलपरासीबाट २ जना, बाँकेबाट ८ जना, प्यूठानबाट ४ जना र दाङबाट ३० जनालाई प्रहरीले गिरफ्दार गरेको थियो ।

पकाउको विरोध एवं वाम घटकको निर्वाचन सभा विरुद्ध लक्षित गरि सो संगठनले २०७४ मंसीर ६ गते दाङ जिल्ला बन्दको समेत आह्वान गरेको थियो ।

(त्रैमासिक प्रतिवेदन-माहुरी-होम, प्रदेश नं. ५)

बैतडीमा बुवाको किरियामा रहेका नेकपा माओवादीका जिल्ला इन्चार्ज बासुदेव जोशीलाई प्रहरीले किरियामा बसेकै ठाउँबाट २०७४ मंसीर ४ गते गिरफ्तारी गर्‍यो । उक्त जिल्लाबाट उनी सहित माओवादीका ६ जना कार्यकर्ताहरुलाई गिरफ्तारी गरिएको सो संगठनले जनायो ।

(त्रैमासिक प्रतिवेदन-हेमकर्ण विक, प्रदेश नं. ७)

## ४ स्रोत-साधनमाथिको द्वन्द्व

**वर्तमान राज्य पुर्नसंरचनाको खाका अनुसार गाउँपालिकास्तरसम्म प्रशासनिक ईकाईहरु पुग्नुपर्नेमा केही गाउँपालिकाहरुमा अझै केन्द्र तोक्ने विषयमा नै विवाद रहेको देखियो । स्थायी रुपमा केन्द्रहरु कायम गरि भौतिक संरचनाको निर्माण र प्रशासनिक ईकाई लगायतका व्यवस्थापन पक्ष कहिले र कसरी हुने भन्नेमा चूनौतीपूर्ण देखिएको छ । केही प्रदेशमा राजधानी कायम गर्ने बिषयमै आन्दोलन समेत गरेको पाईयो ।**

प्रदेश नम्वर १ को राजधानी कहाँ हुने भन्ने बिषयले तिब्र चर्चा पायो । धनकुटाका स्थानीयले प्रदेशको राजधानी कायम हुनुपर्ने भनि आन्दोलन गरिरहेका र इटहरी, विराटनगरका स्थानीयले समेत सोही स्थानलाई प्रदेशको केन्द्र तोक्नुपर्ने माग अघि सारेका कारण यस प्रदेशको राजधानीको चर्चा यस अवधिमा व्यापक रुपमा हुनुका साथै यसबाट तनाव समेत भएको पाईयो । धनकुटामा पटक पटक बन्दको आह्वान भईरहदा पूर्वी पहाडी जिल्लाहरु तेह्रथुम, भोजपुर, संखुवासभाका जनताहरुमा खाद्यान्न र दैनिक उपभोग्य सामान ढुवानीमा समेत कठिनाई भएको थियो ।

(त्रैमासिक प्रतिवेदन-मानब अधिकार संजाल तथा शान्ति कार्य समुह (प्याग) नेपाल, प्रदेश नं. १)

प्रदेश नं १ मा विगत समय देखि नै प्राकृतिक श्रोत साधन जल, जमीन र जंगलमा विवाद हुदै आईरहेको पाईएको छ । पछिल्लो समयमा जल, जमीन र जंगलमा देखिने विवाद समाधानतिर पनि केही संस्थाहरु उन्मुख हुने गरेको पाईएको छ । झापा जिल्लास्थित सामुदायिक रानीवनमा जंगल क्षेत्रलाई अतिक्रमण गरी वन विनाश हुने प्रवृत्ति देखिएपछि एक संस्थाले त्यहाँको समस्या समाधान गर्न थालेको छ । जल, जमीन र जंगलमा देखिने विवादलाई समाधान गर्न स्थापना भएको प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र, नेपाल झापाले आफ्नो कामलाई तीव्रता दिँदै आएको छ । खासगरी सरकारी जग्गा अतिक्रमण गर्ने र प्राकृतिक स्रोत उपभोग तथा प्रयोगमा देखिने समस्यालाई निराकरण गर्न तत्पर संस्थाले सो वन क्षेत्रमा अतिक्रमण गर्ने झण्डै २५ घरधुरीलाई माकुरा समूहमा आबद्ध गराएर समस्या समाधानतर्फ उन्मुख भएको पाईयो ।

(त्रैमासिक प्रतिवेदन-मानब अधिकार संजाल तथा शान्ति कार्य समुह (प्याग) नेपाल, प्रदेश नं. १)

प्रादेशिक संसद तथा सरकारलाई निक्कै ठूलो खर्च आवश्यक पर्ने तर सरकारसँग राजश्वको आकार साँघुरिदा आगामी दिनमा विकास खर्च कसरी व्यवस्थापन गर्ने भन्ने विषय पेचिलो बन्दै गएको छ । नवनिर्वाचित स्थानीय तहहरुले खानी, खनिज तथा अन्य प्राकृतिक स्रोतको उपयोगमा आफ्नो छुट्टै हिस्सा खोज्ने तथा करहरु लगाउने निर्णयहरु गरिरहेकाले भविष्यमा श्रोत प्रयोगकर्ता तथा स्थानीय तथा प्रादेशिक सरकारहरुबीच द्वन्द्व फैलिन सक्ने सम्भावना पनि उत्तिकै छ । यस्ता विवादहरु समाधान गर्न सरकारलाई सुझाव दिने निकाय राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग गठनमा ढिलाई हुनु अर्को चिन्ताजनक विषय बन्दै गएको छ ।

(त्रैमासिक प्रतिवेदन-रुद्र पंगेनी, प्रदेश नं. ३)

## ५ सङ्क्रमणकालीन न्याय/न्यायमाथिको पहुँच

**संक्रमणकालीन न्याय अन्तर्गतको सवालमा बिगतमा झैं यस अवधिमा केही उदाहरणीय चर्चा भएको पाईयो । द्वन्द्वकालीन समयमा मुद्दाहरुलाई सम्बोधन गर्न भनि स्थापना गरिएको सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यविधीका सन्दर्भमा पीडितहरुका लागि एकै किसिमको मापदण्डमा राखेर हेर्न नहुने जनाउँदै इलामका द्वन्द्व पीडितहरुले ध्यानाकर्षण गराए ।**

क्षेत्रीय मुकाम खडा गरेर काम गर्दै आएको सत्य निरूपण तथा मेलमिलाप आयोगलाई इलामका द्वन्द्व पीडितहरूले पीडितहरूको अवस्था र घटना बुझेर अलग अलग मापदण्ड तयार गरी परिपूरणको व्यवस्था गर्न आग्रह गरेका छन् । मोरङको विराटनगरमा मुकाम राखेर काम गर्दै आएको आयोगले चित्तबुझ्दो काम नगरेको गुनासो गर्दै सबै द्वन्द्व पीडितहरूलाई एकै किसिमको मापदण्डमा राखेर क्षतिपूर्ति र परिपूरणको व्यवस्था गर्दा न्याय नहुने पीडितहरुले बताए । परिपूरणसम्बन्धी तयार गरिएको मापदण्डमा सबै किसिमका अङ्गभङ्गलाई उपचारका लागि २५ हजार रुपियाँ दिने, मृतकलाई ३ लाख रुपियाँ दिने जस्ता व्यवस्था रहेकोले द्वन्द्व पीडितहरूलाई त्यो सहज नहुने पीडितको गुनासो रहेको द्वन्द्व पीडित साझा चौतारी इलामका संयोजक दामोदर चापागाईंले बताए । अहिलेसम्म आयोगले विराटनगरमा सोधपुछका लागि इलामबाट ११ जना पीडितलाई बोलाएको पाईयो । 'बाँकीलाई कहिले सम्ममा बोलाउँछ ? त्यो त टुङ्गो छैन, तर नियमावली संशोधन गरेर पीडितको चित्त बुझाउ भन्ने हाम्रो आग्रह छ', संयोजक चापागाईले बताए ।

(त्रैमासिक प्रतिवेदन-मानब अधिकार संजाल तथा शान्ति कार्य समुह (प्याग) नेपाल, प्रदेश नं. १)

**माओवादी द्वन्द्वकालको समयमा हत्या गरिएका उज्जन श्रेष्ठ हत्याको अभियोगमा सर्वस्वसहित जन्म कैद सजाय तोकिएका बालकृष्ण बस्नेतको गिरफ्तारी प्रति मिश्रित प्रतिक्रिया रहेता पनि पीडित परिवारले भने बल्ल न्यायको अनुभूति भएको जनाए ।**

१९ बर्षअघि भएको उज्जन श्रेष्ठ हत्या अभियोगमा सर्वस्वसहित जन्म कैद सजाय तोकिएता पनि प्रहरीबाट लुक्दै आएका बालकृष्ण ढुंगेललाई २०७४ कार्तिक १४ गते प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले पक्राउ गरेको छ । राजनीतिक संरक्षणमा कारबाहीबाट बच्दै आएका ढुङ्गेलको गिरफ्तारीपछि आफूले बल्ल न्याय पाएको उज्जनका दिदी सावित्री श्रेष्ठले बताइन् ।

**राजनीतिक दलहरुबाट अपाङ्गता भएका व्यक्तिहरुलाई बन्द सूचिमा नराखेको सम्बन्धमा परेको रिटमा बन्द सूचिमा राख्न लगाउन सर्वोच्च अदालतले दिएको आदेशले अपाङ्गता भएकाहरुको पनि राजनीतिक प्रतिनिधित्व सुनिश्चित भएको देखिन्छ ।**

संघीय र प्रादेशिक चुनावमा दलहरुले अपाङ्गता भएका व्यक्तिलाई बन्द सूचिमा नराखेको सम्बन्धमा परेका रिटमा सर्वोच्च अदालतले त्यस्ता व्यक्तिहरुको अधिकार संविधानमै स्पष्ट भएकाले निर्वाचन आयोगले दलहरुमार्फत उनीहरुको प्रतिनिधित्व समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत बन्द सूचीमा राख्न लगाउन आदेश दिएको छ । सर्वोच्च अदालतको उक्त आदेशसंगै अब अपङ्गता भएकाहरुको समेत राजनीतिक प्रतिनिधित्व सुनिश्चित हुने भएको छ, यसलाई नागरिक समाज लगायत सबै पक्षले सकारात्मक ठहर गरेको पाईयो ।

(त्रैमासिक प्रतिवेदन-रुद्र पंगेनी, प्रदेश नं. ३)

## ६. प्रकोपपछिको राहत/सहयोग वितरण सम्बन्धी चूनौती / द्वन्द्व

**यस त्रैमासिक अवधिमा प्राकृतिक प्रकोपमा परेका सर्वसाधारणलाई सहयोग उपलब्ध गर्ने कार्यमा सम्बन्धित निकायको ढिला सुस्ती अहिलेसम्म यथावत रहेको र राहत वितरणमा पनि राजनीतिक प्रभाव परेको देखियो । राजनीतिक आस्थाका आधारमा राहत वितरण गरिएको जनाउँदै जिल्ला निर्वाचन कार्यालयमा उजुरी समेत परेको पाईयो ।**

प्रदेश नं १ को मोरङ्ग जिल्लामा बाढी पीडितलाई राहत वितरण गर्ने क्रममा भएको राजनीतिकरणले तिव्र विवाद र तनावको अवस्था सृजना भयो । मोरङ्ग कटहरी गाउँपालिका-२ का वडा अध्यक्ष किशोरकुमार पाण्डेसहितका सदस्यहरू कला राजवंशी र

कल्पना कोइरालाले गाउँपालिकामार्फत बाढी पीडित राहत कोषको रकम नेपाली कांग्रेस समर्थकलाई मात्र वितरण गरेको आरोपमा उनीहरू विरूद्ध २०७४ कात्तिक २० गते क्षेत्रीय निर्वाचन कार्यालय विराटनगरमा अन्य समर्थक व्यक्तिहरुले उजुरी दिए । निर्वाचनको समयमा मत प्रभावित पार्ने गरी एउटा पार्टी निकटका व्यक्तिहरुलाई मात्र राहत बाँडेर आचारसंहिताको उल्लङ्घन गरेको जनाउँदै स्थानीयले उनीहरूविरूद्ध दिएको उजुरी प्राप्त भएको क्षेत्रीय निर्वाचन कार्यालयका प्रमुख प्रेमप्रसाद सञ्जेलले जानकारी दिए ।

(त्रैमासिक प्रतिवेदन-मानब अधिकार संजाल तथा शान्ति कार्य समुह (प्याग) नेपाल, प्रदेश नं. १)

**भूकम्पबाट प्रभावितहरुले तीन वर्ष बित्न लाग्दा समेत घर पुर्ननिर्माणको लागि पाउने अनुदान रकम अझै सहज रुपमा पाउन सकेका छैनन् । भूकम्प प्रभावितहरुले सहुलियतमा टयाक्सी खरीद गर्ने भनिएता पनि अधिकांश टयाक्सीहरु बिचौलियाको हातमा परेको पाईयो ।**

२०७२ सालको भूकम्पपछि सरकारले दिने अनुदान रकमका लागि सबै प्रकृया पुरा गरेको भएपनि ओखलढुङ्गाका लाभग्राहीले भने पहिलो किस्ता बापतको रकम समेत पाउन सकेका छैनन् । अनुदानका लागि घरको चेकजाँचपछि सबै कानुनी प्रकृया पुरा गरेको काजपत्र राष्ट्रिय पुननिर्माण प्राधिकरण जिल्ला समन्वय समितिमा पठाएको भएपनि उनीहरुको विवरण अपडेटमा फरक परेकाले समस्या भएको प्राधिकरणको भनाई रहयो । ओखलढुङ्गामा पहिलो किस्ताका लागि सम्झौता भएको तर किस्ता नै नपाएका लाभग्राहीको संख्या ७० भन्दा बढि छ । सबै भन्दा धेरै मानेभञ्ज्याङ गाउँपालिकाको माधवपुर र थाक्लेका छन् । ओखलढुङ्गामा भूकम्पपछिको सर्वेक्षणका क्रममा जम्मा लाभग्राहीको संख्या २०,१६५ रहेको भएपनि अहिले सम्ममा ५३० जनाले मात्रै दोस्रो किस्ता बापतको एक लाख पचास हजार रकम पाएको देखियो । ११३ जनाले मात्र तेस्रो किस्ता बापतको रकम लिएका पाईयो ।

(त्रैमासिक प्रतिवेदन-मानब अधिकार संजाल तथा शान्ति कार्य समुह (प्याग) नेपाल, प्रदेश नं. १)

प्रदेश नं. ३ अन्तर्गत भूकम्पबाट प्रभावित पीडितहरुका लागि दिने भनिएको अधिकांश ट्याक्सी बिचौलियाले हात पारेका छन् । भूकम्प पीडितको नामामा नयाँ ट्याक्सी निकाल्नका लागि गरिएको यो सबैभन्दा ठूलो नीतिगत भ्रष्टाचार भएको सम्बन्धित विज्ञहरुको ठहर रहेको छ । झण्डै डेढ लाख भूकम्प पीडितको नाउँमा १ हजार ५ सय ट्याक्सीका लागि निवेदन हालियो तर गोलाप्रथाबाट वितरित ती नम्बरमध्ये ९० प्रतिशत भन्दा बढी बिचौलिया र व्यापारीले आफ्नो नाममा गरिसकेका छन् ।

सिन्धुपाल्चोकका भूकम्पपीडितले अनुदानको पहिलो किस्ता रकम लिएर घर बनाउन शुरु गरेपनि काठको अभावमा काम अगाडि बढ्न सकेको छैन । उनीहरुले काठ नपाएको भन्दै सिन्धुपाल्चोकको जिल्ला वन कार्यालयलाई सहुलियतपूर्ण काठ उपलब्ध गराईदिन आग्रह गरेका छन् । भूकम्प पीडितले घर बनाउन काठको अभाव भएको गुनासो गरेपछि राष्ट्रिय पुननिर्माण प्राधिकरणले सरोकारवालालाई बोलाएर काठ उपलब्ध गराउन निर्देशन दिएको छ ।

(त्रैमासिक प्रतिवेदन-रुद्र पंगेनी, प्रदेश नं. ३)

**यस अवधिमा तराई तथा मधेशका अधिकांश जिल्लाहरुमा अत्यधिक चिसो र शीतलहरको कारणले जनजीवन कष्टकर हुन पुग्यो ।**

मध्यतराईका जिल्लामा २०७४ मंसीर २९ गतेदेखि शीतलहर सुरु भयो । शीतलहरका कारण सिराहा, सप्तरी, धनुषा, सर्लाही, महोत्तरी, बारा, पर्सा, रौतहटलगायत जिल्लाको जनजीवन कष्टकर बनेको छ । शितलहरले सर्वसारधारण घरबाहिर समेत कम निस्कने गरेका छन् । बढेको चिसोले बालबालिका र वृद्धवृद्धा बढी प्रभावित हुँदै आएको स्थानीयको भनाई छ । शीतलहरका कारण अस्पतालमा बिरामीको चाप समेत बढेर गएको छ । दलित, गरिव र पिछडिएका समुदायमा रुघाखोकी, ज्वरो, श्वासप्रश्वास, हाडजोर्नी जस्ता रोगको बिरामीको संख्या बढेको स्वास्थ्यकर्मीहरुको भनाई रहेको छ ।

(त्रैमासिक प्रतिवेदन-नेपाल मधेश फाउण्डेशन, प्रदेश नं. २)

## ७ प्रवृत्ति

स्वास्थ्य क्षेत्रमा भईरहेको वेवास्ता, चरम लापरवाही र दक्ष जनशक्ति नहुने भएका चिकित्सकहरु समेत अस्पतालमा नबस्ने जस्ता कारणले सर्वसाधारणले सरल र सहज रुपमा स्वास्थ्य उपचार पाउन सक्ने अवस्था देखिदैन । नीजिस्तरमा संचालित अस्पतालहरुमा मनोमानी रुपमा चर्को शुल्क उठाउने प्रवृत्तिका कारण गरिब, दलित र सर्वसाधारणहरुको स्वास्थ्य सेवामा अझै पनि पहुच हुन नसकेको अवस्था व्यापक रुपमा देखिन थालिएको छ ।

पूर्वी पहाडी जिल्लाहरुमा विप्लव नेतृत्वको नेकपा माओवादीले प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन बिथोल्नका लागि देखाएको सशक्त उपस्थितीले उक्त संगठन आउँदा दिनमा सरकारका लागि एक चुनौती कै बिषय हुनसक्ने देखिन्छ ।

(त्रैमासिक प्रतिवेदन-मानब अधिकार संजाल तथा शान्ति कार्य समुह (प्याग) नेपाल, प्रदेश नं. १)

प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा निर्वाचन आयोगले निर्धारण गरिएभन्दा अत्यधिक बढी रकम खर्च गर्ने परिपाटीले आउँदा निर्वाचनहरु बढी महंगो हुने सम्भावना पनि प्रवल देखिन्छ र यसको नियन्त्रण पनि चुनौतीपूर्ण देखिन्छ ।

महिलामाथिको हिंसा बढदो रुपमा रहेको पाईएकोले महिला र बालिकाको सुरक्षा पनि एक चूनौतीकै रुपमा देखिने प्रवल सम्भावना रहेको छ ।

(त्रैमासिक प्रतिवेदन-नेपाल मधेश फाउण्डेशन, प्रदेश नं. २)

संघीय र प्रादेशिक चुनावमा हिंसात्मक घटनाहरु भए । एक जनाको ज्यान गएको तथा श्रृङ्खलाबद्ध बम विस्फोटले सयौं घाइते भएको चुनाब विथोल्ने प्रयासका घटनाहरु भएपनि त्यसबारे थप अनुसन्धान नहुनु र कसैलाई कडा कारबाही नहुनुले दण्डहिनतालाई प्रश्रय दिएको अनुभुति दिदै आउने दिनमा यस्ता हिंसात्मक घटनाहरु पुनः हुन सक्ने संकेत गर्दछ ।

राजनीतिक दलको सिद्धान्त र त्याग एवं निस्वार्थ सेवाभाव भन्दा पनि पैसाको आधारमा चुनावमा प्रतिस्पर्धाको अवस्था बढ्दो रुपमा रहेकोले त्यागको राजनीति गर्नेहरु निरुत्साहित र राजनीतिबाटै टाढिनु पर्ने गलत राजनीतिक संस्कारको विकास क्रम बढेर जाने सम्भावना बढने देखिन्छ ।

भूकम्पपीडितले अझै सहज रुपमा राहतको अनुभूति गर्न नसक्दा सरकारप्रति पीडितहरुको सोच र धारणा सकारात्मक हुन नसक्ने देखिन्छ । त्यसैगरि भूकम्प पीडितको नाउँमा नयाँ ट्याक्सी वितरण गर्दा भएको नीतिगत भ्रष्टाचारको आभास भईरहेको र अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता कारबाही गर्ने निकायहरु पनि मौन रहनुले भविष्यमा भ्रष्टाचारको जालो झन् झांगिदै जाने संकेत गर्दछ ।

(त्रैमासिक प्रतिवेदन-रुद्र पंगेनी, प्रदेश नं. ३)

प्रदेश नं. ४ मा यस अवधिमा सामाजिक हिंसाका घटनाहरुमा कमी हुनुको साटो अझ बढिरहेका कारण सामाजिक सुरक्षा एक जटिल समस्या बनेको छ । यसको न्यूनीकरणका लागि सवै पक्षले गंभीर हुनु पनि उत्तिकै जरुरी देखिन्छ ।

(त्रैमासिक प्रतिवेदन-माहुरी-होम, प्रदेश नं. ४)

यस अवधिमा प्रदेश नं. ५ को राजधानी माँग गर्दै दांङ र कपिलवस्तु जिल्लामा संघर्ष समिति नै गठन गरेर विभिन्न आन्दोलनका कार्यक्रमहरु भएको पाईयो । २०७४ पुस ३ गते प्रादेशिक राजधानी दाङमा हुनु पर्ने भन्दै दाङस्थित नागरिक अभियन्ताहरुले दवावमूलक र्‍याली प्रदर्शन गरेको र त्यसको तीन दिनपछि पुस ६ गते कपिलवस्तुलाई राजधानी कायम गर्न माग गर्दै कपिलवस्तुको तौलिहवामा पनि दवाव स्वरुप मैनबत्ती जुलुस प्रदर्शन भयो । अघिल्लो अवधिमा झै यस अवधिमा पनि उक्त प्रदेशको केन्द्र तोक्ने बिषयमा तनाव बढेकोले आगामी दिनमा पुनः स्थायी केन्द्र निर्धारण गर्न र प्रदेशको नामाकरण गर्ने बिषयमा विवाद र तनाव बढने प्रवल सम्भावना रहेको देखिन्छ ।

(त्रैमासिक प्रतिवेदन-माहुरी-होम, प्रदेश नं. ५)

नयाँ संविधान बमोजिम निर्माण भएका स्थानीय सरकारले जनताको चाहना बमोजिमका आवश्यकता पुरा गर्न सकेका छैनन् । जसका कारण जनतामा पुनः निराशा उत्पन्न भएको छ । स्थानीय सरकार गठन भएको ६ महिना पुरा भैसक्दा पनि विकास र परिवर्तनको कार्यहरु खासै नदेखिएकोले जनतामा नैराश्यता उत्पन्न भई स्थानीय सरकारप्रतिको विश्वास घटदो क्रममा रहन सक्ने देखिन्छ ।

प्रदेश नं. ६ को केन्द्र सुर्खेत कायम हुने बढी सम्भावना रहेता पनि राजनीतिक दलका नेताहरुको फरक फरक अभिव्यक्तिका कारण केन्द्र अन्यत्र पनि जाने हो कि भनि आम नागरिकहरुमा चासोको बिषय बन्न पुगेको छ, यसले गर्दा केन्द्र घोषणा भएपश्चात पछिका दिनमा थप तनाव बढाउन सक्ने सम्भावना पनि उत्तिकै देखिन्छ ।

वैदेशिक रोजगारी, पूँजीको बढ्दो प्रयोग, लागू पदार्थको सेवन तथा बदलिंदो पारिवारिक संरचनाका कारण हिंसा बढ्दै जाने देखिन्छ । यसले बालबालिकामा नकारात्मक मनोवैज्ञानिक असर पर्नुका साथै पारिवारिक/सामाजिक विचलन बढने खतरा पनि रहेको छ ।

(त्रैमासिक प्रतिवेदन-मध्य पश्चिमाञ्चल विश्वविद्यालय सुर्खेत, प्रदेश नं. ६)

राजनीतिक दलहरुमा र सरकारमा रहेका प्रतिनिधीहरुवीच पनि प्रदेश नं. ७ को राजधानी तोक्ने बिषयमा विवाद देखिएको र एकमत हुन नसकेकोले पछिका दिनमा प्रदेशको राजधानी र नामाकरणको मुद्दा थप जटिल बन्दै जाने सम्भावना प्रवल रहेको छ ।

(त्रैमासिक प्रतिवेदन-हेमकर्ण विक, प्रदेश नं. ७)

*११ औं अंक EWER त्रैमासिक प्रतिवेदन सेफरवर्ल्ड र शान्तिको लागि साझा अभियान (कोक्याप), नेपाल मनिटर डट ओआरजीले प्रदेश नम्वर १ मा मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह (प्याग-नेपाल), प्रदेश नम्वर २ मा नेपाल मधेश फाउण्डेशन, प्रदेश नम्वर ४ र ५ मा माहुरी होम र प्रदेश नम्वर ६ मा मध्यपश्चिमाञ्चल विश्वविद्यालय सुर्खेतको सहकार्यमा लेखिएको हो । यस कार्यमा प्याग नेपालकी यसोदा सुव्वा, नेमाफका नन्दकुमार साह, माहुरी होमका बसन्त बन्जाडे, मध्य-पश्चिमाञ्चल विश्वविद्यालयका कमलराज लम्साल त्यसैगरि प्रदेश नं. ३ मा रुद्र पंगेनी र प्रदेश नं. ७ मा हेमकर्ण विकले लिखित सहयोग गर्नुभएको छ भने प्रतिवेदनमा संयोजन र सम्पादन अनुराग आचार्य र देवराज पोखरेलले गर्नुभएको छ ।*